नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१३५ दायर मितिः-२०८१/०६/२२**

**फैसला मितिः-२०८१/०७/०८**

**वादी**

**मुना साह कानुको जाहेरीले**

**नेपाल सरकार........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१ वस्ने बागड साहको छोरा वर्ष ४० को लालदेव साह.........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै काठको चिपराले टाउकोमा प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै काठको चिपराले टाउकोमा प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै काठको चिपराले टाउकोमा प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै काठको चिपराले टाउकोमा प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सुजन कुमार साह कानु समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०५।३१ गते अ.२०:४५ बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा .वडा नं.१ स्थित मेरो घरमा प्रतिवादी लालदेव साह मादक पदार्थ सेवन गरी आई हो-हल्ला गर्दै मलाई अश्लिल शब्द प्रयोग गरी गाली गलौज गरेकोले निजलाई सम्झाउन खोज्दा झन उत्तेजित भई गाली गलौज गर्दै मेरो घर दरवाजामा रहेको काठको चिरपटले मेरो टाउकोमा प्रहार गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी लालदेव साहलाई कैद दिन २३, जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र र ऐ.संहिताको दफा १२७ बमोजिम जाहेरवालालाई उपचार खर्च रु.६०००/- अक्षरेपी छ हजार मात्र भरी भराउन ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी लालदेव साहलाई ठहरेको कैद दिन २३ को हकमा निज मिति २०८१/०५/३१ देखि २०८१/०६/२२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा ऐ. संहिताको दफा १२७ को हकमा र.नं.९२/२०८१/०६/२३ बाट दाखिला गरेको धरौटी रकम रु१६०००/- बाट जरिवाना रकम रु.१००००/- कट्टी गर्नु र ऐ.संहिताको दफा १२७ बमोजिम रु.६०००/- जाहेरवालालाई दिनु -----------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ कार्तिक महिना ८ गते विहीवार रोज ५/ ने.सं. ११४४ कौलागा अष्ठमी, शुभम् ........